सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

फैसला

मुद्दाः- आयकर (आ.व. ०६४।०६५)

मुद्दा नं.- ०७४-RB-०१९७

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर .... १ पुनरावेदक

विरुद्ध

पर्सा जिल्ला, वीरगंज उपमहानगरपालिका वडा नं.१२ स्थित प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट ऐ.का. अख्तियारप्राप्त संचालक आनन्द कुमार अग्रवाल ......१ प्रत्यर्थी

शुरु तहमा निर्णय गर्नेः

प्रमुख कर प्रशासक श्री सुरेश प्रधान
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर
मितिः २०६७।०४।१९

प्रशासकीय पुनरावलोकनको निर्णय गर्नेः

महानिर्देशक श्री राजन खनाल
आन्तरिक राजस्व विभाग
मितिः- २०६७।०८।२२

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय अध्यक्ष श्री दीपककुमार कार्की
लेखा सदस्य श्री हरि पोखरेल
राजस्व सदस्य श्री मणिदेव भट्टराई
राजस्व न्यायाधिकरण, काठमाडौं
मितिः-२०६९।०६।०४

यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला उपर ठूला करदाता कार्यालय ललितपुरको तर्फबाट परेको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदनमा यस अदालतबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को खण्ड (घ) बमोजिम अनुमति प्रदान भई पुनरावेदनको रुपमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।

तथ्य खण्ड

१. ठूला करदाता कार्यालयमा पेश भएको कर विवरण

करदाता श्री प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि.ले आ.व. २०६४।०६४ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम करयोग्य आय रु.१,१२,९५,११५।– कायम गरी ठुला करदाता कार्यालय ललितपुरमा मिति २०६५।०९।२५ मा स्वयं कर विवरण पेश गरेको।

२. ठूला करदाता कार्यालयबाट जारी भएको म्याद सुचना

त्यस प्रा.लि.ले आ.व.०६४।०६५ को लागि ऐनको दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार यस कार्यालयमा मिति २०६५।०९।२५ मा दाखिला गरेको आय विवरण अध्ययन, छानविन तथा परीक्षण गर्ने सिलसिलामा उपलब्ध भए सम्मका कागजात, फाँटवारी तथा प्रमाणहरु अध्ययन छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ अनुसार समावेश गर्नुपर्ने आय समावेश नभएको, कट्टी गर्न नपाइने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम रु.३,०५,७०,४७२।- करयोग्य कायम गरी संशोधित कर निर्धारण गर्न पर्ने देखिएकोले सो बमोजिम गर्न नपर्ने कुनै ठोस प्रमाण भए १५ दिनभित्र पेश गर्न ऐनको दफा १०१(६) बमोजिम करदातालाई ठूला करदाता कार्यालयले मिति २०६७।०३।०९ मा संशोधित कर निर्धारणको सूचना जारी गरेको।

३. करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि.ले दर्ता गराएको जवाफ

शुरु कार्यालयको मिति २०६७।०३।०९ को सूचनाको सम्बन्धमा सो सूचनामा उल्लेख भएका रकमहरु कम्पनिको आय आर्जनसँग सम्बन्धित हुँदा खर्च कट्टी पाउनुपर्छ। ह्रास खर्च रकम ऐनको परिधिभित्रै रहेर दावी गरिएको छ भनी करदाताले ठूला करदाता कार्यालयमा मिति २०६१।०३।२२ मा जवाफ दर्ता गराएको।

४. **<u>ठूला करदाता कार्यालयबाट जारी भएको संसोधित कर निर्धारणको आदेश</u>**

करदाता प्रोबायोटेक इण्डष्ट्रिज प्रा.लि.लाई आ.व. २०६४।०६५ को लागि करयोग्य आय रु.३,०५,७०,४७२।- कायम हुने गरी ठूला करदाता कार्यालयबाट मिति २०६७।०४।१९ मा कर निर्धारण गर्न निर्णय पर्चा खडा भएको र सो निर्णय बमोजिम करदाताका नाममा मिति २०६७।०४।२० मा ऐनको दफा १०२ बमोजिम संशोधित कर निर्धारण आदेश जारी भएको।

५. **<u>आन्तरिक राजस्व विभागबाट भएको निर्णय</u>**

ठूला करदाता कार्यालयबाट मिति २०६७।०४।१९ मा भएको कर निर्धारण निर्णयउपर चित्त नबुझी करदाताले आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिएकोमा करदाताको निवेदन, सम्बन्धित कार्यालयको प्रतिक्रिया तथा सक्कल फाइल संलग्न कागजातहरु अध्ययन तथा विश्लेषण गर्दा करदाताले निवेदनमा चित्त नबुझाएको विषयहरुमध्ये ह्रास कट्टीका सम्बन्धमा आ.व.२०६२।०६३ मा प्रा.लि.ले पेश गरेका ह्रास कट्टी चार्टमा आ.व. २०६२।०६३ मा थप भएका सम्पत्तिलाई absorbed column र unabsorbed column मा छुटाछुटै उल्लेख गरेकोमा कार्यालयले संशोधित कर निर्धारण गर्दा absorbed महलमा रहेको रकमलाई त्यस आ.व.मा थप भएको सम्पत्ति मानी बेग्लै ह्रास कट्टी चार्ट बनाउँदा राखेको unabsorbed महलमा रहेको रकमलाई थप सम्पत्तिलाई समावेश नगरेको कारणले सम्पत्तिको समूह ख र घ वर्गको पुनः ह्रास आधार रकममा फरक पर्न गएको भनी खर्च कट्टी नदिएको व्यहोरा उल्लेख गरेकोले पुनः छानविन गरी निर्णय गर्नुपर्ने ठहर्छ। अन्य बुँदाका हकमा कार्यालयको निर्णय आयकर ऐन, २०५८ कोदफा ६,१३ तथा १५ समेतका प्रावधान बमोजिम मिलेकै देखिँदा करदाताको जिकिर पुन नसक्ने ठहर्छ भनी मिति २०६७।८।२२ मा निर्णय भएको।

६. **<u>करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. ले राजश्व न्यायाधिकरणमा दिएको पुनरावेदनपत्र</u>**

शुरु कार्यालयबाट पुनरावेदकको आय आर्जनसँग सम्बन्धित निम्न बमोजिमका खर्चलाई गलत कानूनी आधार र तर्कको आधारमा अमान्य गरी मिति २०६७।०४।१९ मा जारी गर्नुभएको संशोधित कर आदेश र सोलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व

विभागको मिति २०६७।०८।२२ को निर्णय बदर गरी पाउँ भनी करदाताको तर्फबाट मिति २०६७।११।१७ मा पुनरावेदनपत्र दर्ता भएको।

- Storage (Drying) Losses रु.९२,००,०२८।-
- कच्चा पदार्थ खपत (बोराको तौल) रु.४४,७४,९४९।-
- Membership Fee रु.१,४३,४५०।-
- उत्पादनभन्दा कम विक्री भएको रकम रु.१,१४,४७४।-
- Vitamin B2 बिक्री देखाएको रु.३५,८८९।-
- Guest entertainment उपहार खर्च रु.५२,२६७।-
- ह्रास खर्च दावी रु.१०,३२,७८४।-
- Travelling and conveyance रु.३,३९,५९९।-
- गत आ.व.को नोक्सानी रु.३८,८१,९१७१।-
- TDS रकम रु.२,६५,०४१।—

७. राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको प्रत्यर्थी झिकाउने आदेश

यसमा प्रशासकिय खर्च अन्तर्गत Guest entertainment शिर्षकभित्र दावी भएको Food Gift खर्चलाई घरेलु एवं व्यक्तिगत प्रकृतिको भनी अमान्य गर्ने गरेको शुरु कार्यालयको निर्णय फरक पर्नसक्ने भएकोले छलफलको निमित्त अ.बं.२०२ नं. बमोजिम सरकारी वकिल र आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी राजस्व न्यायाधिकरणबाट मिति २०६८।०६।२७ मा भएको आदेश।

८. राजश्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला

ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६४।०४।१९ को संशोधित कर निर्धारण र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।०८।२२ को निर्णयमा ह्रास खर्च सम्बन्धमा विभागले पुनः छानविन गरी निर्णय गर्न भनी निर्णय गरिसकेको हुँदा त्यसतर्फ केही बोलिरहन परेन। कच्चा पदार्थको Storage Loss, कच्चा पदार्थको बोराको तौल बरावरको कच्चा पदार्थ कम खपत, Sleplex, भिटामीन एच टु विक्रीमा समावेश नगरेको र Vitamin B2 Tablat 12 k.g. बिक्री कम देखाएको भनी आयमा समावेश गरेको मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने ठहर्छ। प्रशासकीय खर्च अन्तर्गत सदस्यता शुल्क, उपहार, भ्रमण तथा अग्रीम कर

कट्टीका सम्बन्धमा शुरु कार्यालयको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको राजश्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला।

९. <u>ठूला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन</u>

कच्चा पदार्थ Storage Loss खर्च रू. ९२,००,०२८।- का सम्बन्धमा करदाताले पेश गरेको यस आ.व. को कच्चा पदार्थको विवरणमा शुरू मौज्दात खपत वा अन्तिम मौज्दातमा समावेश हुनुपर्नेमा उत्पादनमा समेत समावेश नगरेको परिणामको मूल्यसमेत लागतमा भने समावेश गरेको अवस्थामा करदाताले लिएको जिकिर Damage नै भएको हो भनी शंका रहित तवरले पुष्टि हुने पुख्ता प्रमाण र आधार प्रस्तुत हुन सकेको अवस्था छैन्। कदाचित करदाताको नोक्सानी भएको अवस्थामा त्यस्तो नोक्सानीका हकमा पनि मु.अ.करमा दर्तावाल करदाताले उक्त नोक्सानी दावी गर्ने बकाइदा प्रकृया रहेको छ। प्रस्तुत करदाताले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९क अनुसारको कानूनी प्रकृया पुरा नगरेको र कुनै कारणवस उक्त प्रकृया अवलम्बन हुन नसकेको भए सो तर्फ पनि कुनै प्रमाण पेश भएको अवस्था रहेको छैन।

कच्चा पदार्थको खरिदमा कच्चा पदार्थ प्याकिङ गरेको बोराको तौल घटाएको रकम रू. ४४,७४,९४९।- सम्बन्धमा करदाताले पेश गरेको कच्चा पदार्थको खपत विवरण अनुसार जम्मा कच्चा पदार्थ खपत ३,७०,८१,९९४ के.जि. हुनुपर्नेमा बोराको तौल भनी ३,६६,१५३ के.जि. घटाई रहेको ३,६७,१५,८४१ के.जि. मात्र खपत भएको स्पष्ट उल्लेख गरेकोमा विवाद छैन। करदाताले कच्चा पदार्थको खरिद गर्दा कच्चा पर्दाको तौल र मूल्यमा समेत भुक्तानी दिएको विषय करदाताले शुरू कार्यालयमा पेश गरेको कच्चा पदार्थको खरिद गर्दाको समयमा राखिने Raw Materials Inward Note बाट स्पष्ट भएको अवस्थामा स्वभाविकै बोराको मूल्य र कच्चा पदार्थको मूल्य फरक हुने देखिन्छ। अतः कच्चा पदार्थ राख्ने प्रयोजनका लागि प्रयोगमा आएको बोराको मुल्य र कच्चा पदार्थको मूल्य बढि स्पष्ट देखिएकै सन्दर्भमा बोराको मुल्य पनि कच्चा पदार्थको मूल्य सरह कायम गरी लागत खर्चमा समावेश गरेको अवस्था छ। अतः आयकर ऐन, २०५८ को दफा १५ (२) बमोजिम गर्नुपर्नेमा करदाताले उत्पादनको परिमाणबाट बोराको तौल भनी घटाएको तर सो बराबरको वास्तविक मूल्य लागत

खर्चबाट नघटाएको अवस्थामा करदाताले नियुक्त गरेका लेखापरिक्षक समेतबाट Notes to Account मा पनि केहि कतै उल्लेख भए गरेका देखिदैन।

Vitamin H2 र Selplex लाई बिक्रि देखाएको भनी रू. १,१४,४७४।- का सम्बन्धमा कर परिक्षणका क्रममा भिडान गरे अनुसारको घटी परिमाण बिक्री गरेको होइन भनी शंकारहित तवरले पुष्टि हुने गरी करदाताले प्रमाण पेश गर्न सकेका छैनन्। त्यस्तै, Vitamin B2 Supplement बिक्री कम देखाएको रकम रू. ३५,८८९ का सम्बन्धमा के कस्तो असामान्य जस्तो अमुर्त अवस्था पर्न गएको हो, प्रमाणित गर्न नसकेको असामान्य अवस्थाको हवालाका आधारमा औसत लागत भन्दा निकै कम मूल्यमा बिक्रि गरेको भन्दैमा खर्चलाई मान्यता दिन मिल्ने होइन। शंकारहित तवरले पुष्टि हुने गरी करदाताले प्रमाण पेश नगरेको अवस्थामा खासगरी राजश्व प्रशासनको विषयमा कर छुटको विषयलाई प्रष्ट आधार र प्रमाण विना कतै पनि स्विकार गर्ने वा मान्यता दिन मिल्दैन र दिनु पनि हुदैन। अतः स्पष्ट कानून बमोजिम भए गरेको निणर्यतर्फ वस्तुगत विवेचना नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम त्रुटिपूर्ण भएकोले साविककै कर निर्धारण आदेश बमोजिम गरी पाउँ भन्ने बेहोराको ठूला करदाता कार्यालय, हरिहरभवनको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन पत्र।

१०. <u>यस अदालतबाट भएको आदेश</u>

यसमा यीनै पक्ष विपक्ष बीचको मुद्दा नं.०६-LE-०२८५ को आ.व. २०६२/६३ को आयकर निर्धारण सम्बन्धी विवादमा राजश्व न्यायाधिकरणको फैसलाउपर यस अदालतमा पुनरावेदन गर्न अनुमति प्रदान गरिएको सन्दर्भमा प्रस्तुत लगाउमा रहेको विवादमा समेत राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम यस अदालतमा पुनरावेदन गर्ने अनुमति प्रदान गरिएको छ। नियमानुसार गर्नू भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०७४।०७।२४ मा जारी गरिएको आदेश।

<u>ठहर खण्ड</u>

११. नियम बमोजिम दैनिक पेसीसूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक ठूला करदाता कार्यालय, हरिहरभवनको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले कच्चा पदार्थको Storage Loss (जर्ती) का

खर्च शिर्षकलाई आयकर ऐन तथा नियमावलीले चिन्दैन। यस्ता शिर्षकमा कर छुट दिने कानूनी प्रावधान नभएकोले करदाताले खर्च दावी गर्न मिल्दैन। कर छुट पाउनुपर्ने माग गरेर मात्र हुदैन। सो कुरा कानूनसम्मत पनि हुनुपर्छ। यसकारण मौज्दात कम देखाई पेश भएको आय विवरणलाई मान्यता दिने गरी कच्चा पदार्थको Storage Loss लाई खर्च शिर्षकको रुपमा आयबाट घटाउन पाउने भनी राजस्व न्यायाधिकरणबाट भएको निर्णय नमिलेको हुँदा यस्तो प्रकारको जर्तीलाई मान्यता नदिने गरी यस अदालतबाट फैसला गरिपाउँ। साथै करदाताले उत्पादनको परिमाणबाट बोराको तौल भनी घटाएको तर सो बराबरको वास्तविक मूल्य लागत खर्चबाट घटाइएको छैन। Vitamin H2 र Selplex घटी परिमाणमा बिक्री गरिएको छ। Vitamin B2 Supplement पनि कम मूल्यमा बिक्री गरिएको अवस्था छ। यी सब कुरालाई मान्यता दिने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला नमिलेकोले उल्टी गरी साविककै कर निर्धारण आदेश वमोजिम गरी पाउँ भनी बहस गर्नुभयो।

१२. प्रत्यर्थी करदाता प्रोबायोटिक इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र अधिवक्ताहरु श्री बालकृष्ण ढकाल र श्री धिरज घिमिरेले केहि समयपछि Moisture को कारणले कच्चा पदार्थको वजन स्वभाविक रुपमा नै २ प्रतिशतदेखि ४ प्रतिशतसम्म घट्छ। किसानबाट बोराको तौल १ कि.ग्रा. प्रति बोरा मानेर किनिएको हुन्छ र बिक्री गर्दा पनि दाना बोरामा नै बिक्री गरिन्छ। Vitamin H2 र B2 Supplement दानामै प्रयोग भैसकेका हुने हुँदा छुट्टै देखाउन सकिदैन। अतः राजस्व न्यायाधिकरणबाट भएको निर्णय मिलेकै हुँदा सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

१३. उपर्युक्त तथ्य र बहस जिकिर भएको प्रस्तुत मुद्दामा राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।०६।०४ को फैसला मिलेको छ वा छैन ? पुनरावेदक ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

१४. निर्णयतर्फ विचार गर्दा, कच्चा पदार्थको Storage Loss, कच्चा पदार्थको बोराको तौल बरावरको कच्चा पदार्थ कम खपत, Sleplex, Vitamin H2 विक्रीमा समावेश नगरेको र Vitamin B2 Tablate 12 k.g. बिक्री कम देखाएको भनी आयमा समावेश गरेको

मिलेको नदेखिँदा आन्तरिक राजस्व विभागको मिति २०६७।०४।१९ को निर्णय सो हदसम्म उल्टी हुने हुने र प्रशासकीय खर्च अन्तर्गत सदस्यता शुल्क, उपहार, भ्रमण तथा अग्रीम कर कट्टीका सम्बन्धमा शुरु कार्यालयले गरेको निर्णय सदर हुने ठहऱ्याई राजस्व न्यायाधिकरणबाट मिति २०६९।०६।०४ मा फैसला भएको पाइन्छ। उक्त फैसलाउपर चित्त नबुझी ठुला करदाता कार्यालयको तर्फबाट पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन परी यस अदालतबाट मिति २०७४।०७।२४ मा अनुमति प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा निर्णयार्थ यस इजलाससमक्ष पेश भएको रहेछ।

१५. ठुला करदाता कार्यालय, हरिहरभवनको पुनरावेदनपत्र हेर्दा, कच्चा पदार्थको मौज्दात घटाई Storage Loss भनी करदाताले खर्चको जिकिर लिएको भएपनि शंका रहित तवरले सो Damage नै हो भन्ने पुष्टि हुने आधार प्रमाण प्रस्तुत गर्न नसकेको र मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९क अनुसारको कानूनी प्रकृया पनि पुरा नगरेको अवस्था छ। त्यस्तै, करदाताले उत्पादनको परिमाणबाट बोराको तौल भनी घटाएको तर सो बराबरको वास्तविक मूल्य लागत खर्चबाट घटाइएको छैन। Vitamin H2 र Selplex घटी परिमाण बिक्री गरिएको छ। Vitamin B2 Supplement कम मूल्यमा बिक्री गरिएको अवस्था छ। यस्तो अवस्थामा सो कुरालाई मान्यता दिने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला सो हदसम्म उल्टी गरिपाउँ भन्ने जिकिर रहेको देखिन्छ।

१६. सर्वप्रथम, पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर बमोजिम कच्चा पदार्थमा Storage Loss वा जर्ती वापतको रकम खर्च कट्टी दिएको राजस्व न्यायाधिकरणको फैसला मिले नमिलेतर्फ विचार गर्नुपर्ने हुन आयो। सर्वप्रथम जर्ती के हो भन्ने सम्बन्धमा नेपाली बृहत शब्दकोष (नेपाल प्रज्ञा प्रतिष्ठान), २०४० ले जर्तीलाई "**अन्नपातहरू सुकेर, उडेर, छरिएर नष्ट भएको अंश; खेर जाने भाग; जर्ता**" भनी परिभाषित गरेको छ। त्यस्तै, पुनरावेदक मित्तल टि. इण्डस्ट्रिज प्रा.ली.को तर्फबाट ऐ. का अधिकारप्राप्त सञ्चालक महेशकुमार अग्रवाल, प्रत्यर्थी आन्तरिक राजश्व विभाग, काठमाडौं भएको (ने.का.प. २०६६, अङ्क ६, निर्णय नं. ८१७३) मूल्य अभिवृद्धि कर मुद्दामा "**कुनै वस्तुको उत्पादनको प्रक्रियामा प्रयोग हुने कच्चा पदार्थको शतप्रतिशत नै उत्पादित वस्तुमा समाहित हुने वा मिसिएर आउने भन्ने कुराको पनि तर्कसँगत अनुमान गर्न**

सकिदैन। उत्पादनको प्रक्रियामा कच्चा पदार्थको केही अंश नष्ट हुने, प्रयोगमा नआउने वा कम हुने वा जर्तीमा जाने भन्ने कुरा सबै प्रकारका वस्तुको उत्पादनको सम्बन्धमा लागु हुने कुरा हो " भनी यसै अदालतबाट व्याख्या भएको छ। यसरी खासगरी कृषि उत्पादनको भण्डारणको क्रममा सुकेर, उडेर अरु कुनै तरिकाबाट नष्ट हुन पुगेको अंश नै जर्ती भएको र यस जर्ती शब्दले उत्पादनको प्रकृयामा कच्चा पदार्थको केही अंश स्वभाविक रुपले कम हुने कुरालाई पनि जनाउने गर्दछ।

१७. जर्तीको सम्बन्धमा ऐन तथा नियमावलीमा कुनै व्यवस्था रहेको पाइदैन। तर सो सम्बन्धमा यस प्रकारको स्वभाविक रुपमा आउने सुख्ती वा जर्तीलाई सम्बोधन गर्न मिति २०६२।६।२० मा *वास्तविक जर्तीलाई मिन्हा दिने* भनी मन्त्रिस्तरीय निर्णय गरी आन्तरिक राजस्व विभागले मिति २०६२।८।६ मा परिपत्र गरेको देखियो। ठूला करदाता कार्यालयले संशोधित कर निर्धारणको क्रममा र यस अदालतसमक्ष पुनरावेदन गर्ने क्रममा समेत विभागको उक्त मिति २०६२।६।२० को परिपत्रका सम्बन्धमा कुनै खण्डन पेश गर्न सकेको पाइदैन। साथै सो परिपत्रको सम्बन्धमा इजलाससमक्ष बहसको क्रममा सरकारी वकिलको तर्फबाट पनि असहमति रहेको पाइएन। अतः जर्ती सम्बन्धमा वास्तविक जर्तीलाई मिन्हा दिने भनी स्पष्ट परिपत्र गरिरहेको अवस्थामा केहि समयको अन्तरालमा सुकेर, नासिएर वा अरु कुनै किसिमले मकै लगायतको कच्चा पदार्थहरुको मौज्दातमा स्वभाविक रुपले कमी आएको अवस्थामा सो वापतको मूल्यमा कर लगाई यी करदाताबाट भराउन मिलेन। तसर्थ करदाताले लिएको जिकिरबमोजिम मकै लगायतको कच्चा पदार्थको मौज्दातमा स्वभाविक कमी भई Storage Loss अर्थात जर्तीको रुपमा करदाताले दावी गरेको न्यायोचित रकमलाई मान्यता दिने गरी भएको राजस्व न्यायाधिकरणको निर्णय न्यायको रोहमा अन्यथा देखिन आएन।

१८. त्यस्तै करदाताले उत्पादनको परिमाणबाट बोराको तौल भनी घटाएको तर सो बराबरको वास्तविक मूल्य लागत खर्चबाट नघटाइएको कुरालाई राजस्व न्यायाधिकरणले मान्यता दिई गरेको फैसला मिलेको छैन भन्ने पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर छ। अर्थात उद्योगबाट उत्पादित बस्तु बोरामा हाली बिक्री गर्दा उक्त बोराको वजन उल्लेख नगरी त्यसबाट आएको आयबाट करमा फरक पारेको भन्ने दावी रहेको छ। मूलतः उद्योगले किसानबाट कच्चा पदार्थ खरिद गर्दा बोरामै किन्ने गर्दछ।

यसैगरी आफ्नो उत्पादनलाई पनि बोरामै हालेर बिक्री गर्नुपर्ने हुन जान्छ। उद्योगको यो बाध्यतालाई अस्वभाविक रुपमा लिन पनि मिल्दैन। अतः कच्चा पदार्थ र उद्योगको उत्पादन दुवै नै बोरामा नै खरिद तथा बिक्री गरिएको हुँदा वजन फरक पारेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१९. अब, Vitamin H2 र Selplex घटी परिमाण बिक्री गरिएको र Vitamin B2 Supplement कम मूल्यमा बिक्री गरिएको अवस्थामा समेत सो कुरालाई मान्यता दिने गरी राजस्व न्यायाधिकरणबाट भएको निर्णय मिलेको छैन भन्ने पुनरावेदन जिकिर सम्बन्धमा विवेचना गर्नुपर्ने हुन आयो। सो सम्बन्धमा करदाताको प्रतिकृया हेर्दा आफुले विक्री गरेको सबै विवरण कार्यालयमा पेश गरिसकेको, Vitamin H2 र Seplex को विक्री गरी प्राप्त भएको आम्दानी पनि उल्लेख गरी ती दुवै सामानको बिक्री लागत उल्लेख गरेको तथा Vitamin B2 Supplement प्रति के.जी. औषत लागतभन्दा बढि मूल्यमा बिक्री गरेको भनी जवाफ पेश गरेको पाइन्छ। करदाताले जवाफसाथ उल्लेख गरेका यी कुराहरुलाई अनदेखा गरी शुरु कार्यालयले कम परिमाण र मूल्यमा विक्री गरेको होइन भनी प्रमाणित गर्ने विक्री विल, विक्री खाता लगायतका कागज प्रमाणहरु जवाफसाथ संलग्न गरेको पाइएन भन्ने आधारमा थप रकम आयमा समावेश हुने भनी गरेको निर्णय मिलेको देखिन आएन। यस्तो अवस्थामा सो थप रकमलाई आयमा समावेश नहुने भनी राजस्व न्यायाधिकरणको निर्णय न्यायको रोहमा अन्यथा देखिन आएन।

२०. अतः माथि विवेचित आधार र कारणहरु समेतबाट ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६४।०४।१९ को संशोधित कर निर्धारण गर्ने र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।०८।२२ को निर्णयमा कच्चा पदार्थको Storage Loss, कच्चा पदार्थको बोराको तौल बरावरको कच्चा पदार्थ, कम खपत Vitamin H2 र Selplex विक्रीमा समावेश नगरेको र Vitamin B2 Supplement को बिक्री कम देखाएको भनी आयमा समावेश गरेको मिलेको नदेखिँदा आन्तरिक राजस्व विभागको मिति २०६७।०८।२२ को निर्णय सो हदसम्म उल्टी हुने भनी ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०६।०४ को निर्णय न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक ठूला करदाता कार्यालयको पुनरावेदन

जिकिर पुग्न सक्दैन। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्टि गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः-कल्याण खड्का

कम्प्युटरः राधिका घोरासाइने

इति सम्वत् २०७९ साल बैसाख महिना १२ गते रोज २ शुभम् ----------------।